त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
पुल्चोक क्याम्पस
PULCHOWK CAMPUS

5-521260
5-521611
5-522104
5-522809

पुल्चोक, ललितपुर ।
Pulchowk, Lalitpur

च.नं. १०६५।०७६।०७७

मिति: २०७६।०८।०४

## पूर्णशुल्कीय कार्यक्रमको आयबाट वितरण गरिने गरिब तथा जेहेन्दार छात्रवृत्ति फाराम भर्ने सम्बन्धी सूचना ।

यस क्याम्पसमा अध्ययनरत २०७६ भर्ना समूहका स्नातक (बी.ई./बी.आर्क.) तहको नियमित (Regular) कार्यक्रममा भर्ना भएका विद्यार्थीहरुलाई पूर्णशुल्कीय कार्यक्रमको आयबाट प्रदान गरिने गरीब तथा जेहेन्दार छात्रवृत्तिको निम्ति **आवेदन फारम भरी बुझाउने अन्तिम मिति २०७६ मंसिर २५ गतेसम्म** राखिएको व्यहोरा सूचित गरिन्छ । उक्त छात्रवृत्तिका लागि क्याम्पसको शैक्षिक प्रशासनबाट उपलब्ध हुने फारम रितपूर्वक भरी क्याम्पसको सचिवालयमा दर्ता गराउन हुन पनि सम्बन्धित विद्यार्थीहरुको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त म्याद भित्र फाराम भरेका विद्यार्थीहरु मध्येवाट मात्र सम्पूर्ण कार्यक्रमहरुका **प्रथम वर्ष प्रथम खण्ड देखि अन्तिम वर्ष दोस्रो खण्डसम्म प्रदान गरिने गरिब तथा जेहेन्दार छात्रवृत्तिमा समावेश गराईने व्यहोरा** समेत जानकारी गराईन्छ ।

**आवेदन फारम साथ निम्न कागजातहरु संलग्न हुनुपर्नेछ ।**

१) एस.एल.सी. (S.L.C.) / एस.ई.ई.(SEE) को Marksheet तथा Character Certificate को फोटोकोपी १/१ प्रति ।

२) एस.एल.सी. (S.L.C.) / एस.ई.ई.(SEE) उर्त्तीण गरेको विद्यालय सरकारी/सामुदायिक हो भन्ने सम्बन्धित जिल्ला शिक्षा कार्यालय/नगरपालिका/वडा कार्यालयको पत्र सक्कल प्रति ।

३) +2/Diploma तहको Transcript र Character Certificate को फोटोकोपी १/१ प्रति।

४) +2 तह उर्त्तीण गरेको उच्च माध्यमिक विद्यालय सरकारी/सामुदायिक हो भन्ने सम्वन्धित जिल्ला शिक्षा कार्यालय/नगरपालिका/वडा कार्यालयको पत्र सक्कल प्रति अथवा NEB को छात्रवृति पाई जुनसुकै उच्च माध्यमिक विद्यालय/क्याम्पस/कलेजमा अध्ययन गरेको वा सरकारी छात्रवृति पाई जुनसुकै उच्च माध्यमिक विद्यालय/क्याम्पस/कलेजमा अध्ययन गरेको सिफारिस पत्रको सक्कल प्रति

५) त्रि.वि. अर्न्तगत Diploma तह भए सम्वन्धित क्याम्पसबाट नियमित (Regular) तर्फ अध्ययन गरेको हो भनी सम्वन्धित क्याम्पसको पत्र सक्कल प्रति ।

६) नागरीकताको फोटोकपि ।

*पुनश्च: छात्रवृत्ति सम्वन्धि विस्तृत जानकारी पुल्चोक क्याम्पसको Web Site: www.pcampus.edu.np मा पनि हेर्न सकिनेछ ।*

**बोधार्थ :**

- श्रीमान् डीनज्यू, इ.अ.सं., पुल्चोक ।
- श्रीमान क्याम्पस प्रमुखज्यू, पुल्चोक क्याम्पस ।
- श्रीमान् सहायक क्याम्पस प्रमुखज्यू, (शैक्षिक), पुल्चोक क्याम्पस ।
- श्री आर्थिक प्रशासन शाखा, पुल्चोक क्याम्पस ।
- श्री विभागीय प्रमुखज्यू
  सिभिल/आर्किटेक्चर/इलेक्ट्रिकल/इलेक्ट्रोनिक्स तथा कम्प्यूटर
  मेकानिकल इन्जिनियरिङ्ग/एप्लाइड साईन्सेस एण्ड केमिकल इ. विभाग पुल्चोक क्याम्पस ।
- श्री नयाँ/महिला छात्रावास, पुल्चोक क्याम्पस ।
- श्री स्व.वि.यू., पुल्चोक ।
- श्री सूचना प्रविधि केन्द्र, पुल्चोक ०।८

.........................
विणा श्रेष्ठ
सदस्य सचिव
छात्रवृत्ति समिति